# प्रभाव दैनिक
National Daily

वर्ष १०  अंक २८४  काठमाडौं  सोमबार, २९ माघ २०८०  Prabhab National Daily  Monday, February 12, 2024  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## 'संस्थापक' विवादले पत्रकार महासंघमा लफडा
### विमोचन नहुँदै च्यातियो पुस्तक



सत्यनारायण श्रेष्ठको सभापतित्वमा २००८ सालमा नेपाल पत्रकार संघ गठन भएकै हो । तर जातको हिसाबमा उनको नेतृत्वलाई पत्रकार महासंघले स्वीकारेन । महासंघका तत्कालीन अध्यक्ष गोविन्द आचार्यदेखि वर्तमान अध्यक्ष विपुल पोखरेललाई पनि ज्ञापनपत्र बुझाएका हौं । तर इतिहासमाथि गद्दारी गर्दै चोरबाटोबाट 'अग्र अनुहार' नामक किताब ल्याउने कोसिस गरियो ।

■ **गजुरधन राई**
**अध्यक्ष, फोनिज**

यो नै अन्तिम इतिहास होइन, इतिहास करेक्सन गर्दै जाने हो । पत्रकार महासंघ र पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई पत्रकार महासंघले विभिन्न माध्ययमबाट सम्मान गर्न तयार छ, महासंघलाई यहाँसम्म ल्याउन धेरैले महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ ।

■ **विपुल पोखरेल**
**अध्यक्ष, नेपाल पत्रकार महासंघ**

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष को हुन् ?

जवाफ प्रस्टै छ– सत्यनारायणबहादुर श्रेष्ठ ।

लिखित दस्तावेज प्रस्ट हुँदाहुँदै नेपाल पत्रकार महासंघले भने यसलाई अस्वीकार गर्ने क्रम जारी राखेको छ । जसकारण यो विषयमा पुनः विवाद सिर्जना भएको छ । आइतबार नेपाल पर्यटन बोर्डको सभाहलमा बालकृष्ण अधिकारी सम्पादित 'अग्र अनुहार' पुस्तक विमोचनको कार्यतालिका थियो । पत्रकार महासंघ प्रतिष्ठान प्रदेश समितिले प्रकाशन गरेको किताब विमोचनको क्रममा केही समय नेपाल आदिवासी जनजाति पत्रकार संघ (फोनिज)ले अवरोधको प्रयाससमेत गरेको थियो ।

अग्र अनुहारको प्रकाशन तत्कालका लागि रोक्न नेवाः राष्ट्रिय पत्रकार दबुले शनिबार नै आग्रह गरेको थियो । फोनिजले पनि विज्ञप्ति जारी गरेर विमोचन कार्यक्रम स्थगित गर्न अनुरोध गरेको थियो । उक्त किताबको विमोचनका लागि सभामुख देवराज घिमिरे र सञ्चारमन्त्री रेखा शर्मालाई आमन्त्रण गरिएको थियो ।

कार्यक्रम विवादित हुने देखिएपछि दुवै अतिथिले आफ्नो उपस्थिति स्थगित गरे । यद्यपि सार्वजनिक कार्यक्रमलाई निरन्तरता दिएपछि फोनिज अध्यक्ष गजुरधन राईको नेतृत्वमा पुगेको टोलीले इतिहास मेट्न पाइँदैन भन्दै नाराबाजी गऱ्यो । विरोधका क्रममा किताबसमेत च्यातियो ।

**को हुन् पत्रकार महासंघका संस्थापक ?**

गृष्मबहादुर देवकोटाको 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास'को तेस्रो संस्करण(२०५९)को पृष्ठ १३८ मा लेखिएको छ,

(क्रमशः पृष्ठ २ मा)

# नेतृत्वमा अविच्छिन्न दाहाल, ब्रेक लाग्ला अब ?

- साढे तीन दशकदेखि पुष्पकमल दाहाल पार्टी नेतृत्वमा
- कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली चुनावबाट निर्वाचित हुँदा दाहाल भने जहिल्यै ताली पड्काएर अध्यक्ष
- माओवादी नेताहरू प्रत्यक्ष चुनाव लड्नुपर्ने पक्षमा



*फाइल तस्बिर*

■ **जेबी योञ्जन**

**काठमाडौं–** साढे तीन दशकअघि भएको सेक्टर काण्डपछि पार्टी नेतृत्वमा आएका हुन् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल । प्रधानमन्त्रीसमेत रहेका उनले कहिल्यै प्रत्यक्ष चुनाव लडेनन् । माओवादीको संगठनात्मक संरचना प्रणाली भने जनवादी केन्द्रीयता हो ।

यसअनुसार पार्टी नेतृत्वको चयन प्रतिनिधिहरूबाट चुनिन्छन् । जुन प्रत्यक्ष निर्वाचन प्रणाली हो । तर, दाहाललाई अध्यक्ष हुन कहिल्यै प्रत्यक्ष चुनाव लड्नै परेन ।

चुनाव नलडी साढे तीन दशकदेखि पार्टी नेतृत्वमा दाहाल अविच्छिन्न छन् । हलले ताली पड्काएको भरमा अध्यक्ष भइरहने सौभाग्य दाहाललाई मिलेको छ ।

माओवादी स्थायी कमिटी सदस्य दिननाथ शर्मा अब अध्यक्ष दाहाल फेरि अध्यक्ष हुने भए चुनाव लड्नुपर्ने बताउँछन् । अध्यक्ष चुनाव लडेरै आउनुपर्ने प्रावधान पार्टीको विधानमै उल्लेख गर्नुपर्नेमा उनको जोड छ । यसलाई उनी युगअनुसारको नेतृत्व चयन पद्दति भएको बताउँछन् ।

'निर्वाचन प्रणाली कस्तो बनाउने ? सल्लाहमा छौं । तर हामी सबै निर्वाचित हुनुपर्छ । यो युगले मागेको हो,' उनले प्रभावसँग भने, 'कार्यकर्ताको तहबाट इलेक्टेड भएर आउनुपर्छ । म तयार छु । अध्यक्ष प्रचण्ड पनि विल्कुलै तयार हुनुपर्छ ।'

संसद्मा रहेका दलहरूमध्ये सर्वाधिक अवधि पार्टी नेतृत्वमा रहेका नेता दाहाल हुन् । सशस्त्र विद्रोहदेखि शान्तिपूर्ण राजनीतिमा आउँदासम्म उनी माओवादीको निर्विकल्प नेता बने । पार्टीमा उत्तराधिकारी विकास गर्ने यसअघि उनी भन्थे । तर, सम्भावित उत्तराधिकारीको राजनीतिक रूपमा किनारा लगाएको आरोपको उनले सामना गर्नुपऱ्यो । हुन पनि पार्टीको अध्यक्ष हुन तत्कालीन उपाध्यक्षहरू मोहन वैद्य र डाक्टर बाबुराम भट्टराईले जोड गरेका थिए । उनीहरूलाई पन्छाउन दाहाल सफल भए । यसरी पार्टीमा लगातार नेतृत्व लिएका दाहाललाई यसपटक विधान सम्मेलनअघि पार्टीको तल्ला कमिटीबाट लिएको राय सुझावले झस्काएको छ । कोशी, मधेस, बागमती, गण्डकीलगायत प्रदेशहरूबाट आएका रायले पार्टी अध्यक्ष दाहाल पनि चुनाव लड्नुपर्ने अनि मात्रै अध्यक्ष हुनुपर्ने दबाब सिर्जना गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले कोशीसहित देशका विभिन्न प्रदेशबाट पार्टी अध्यक्षसँगै अन्य पदमा प्रत्यक्ष चुनाव प्रणालीबाटै नेताहरू चयन गर्नुपर्ने राय प्रस्तुत गरेका छन् । उनका अनुसार आइतबारदेखि राष्ट्रिय सभागृहमा जारी केन्द्रीय समिति बैठकमा पार्टीका प्रदेश इञ्चार्ज र सहइञ्चार्जले प्रस्तुत गरेको चार महिने पार्टी रूपान्तरण अभियानसँगै विधानबारेको छलफलमा अधिकांश प्रदेशबाट प्रत्यक्ष चुनाव लड्नुपर्ने राय दिएको विवरण उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

निर्वाचन प्रणाली कस्तो बनाउने भन्ने सल्लाहमा छौं । तर हामी सबै निर्वाचित हुनुपर्छ । यो युगले मागेको हो कार्यकर्ताको तहबाट 'इलेक्टेड' भएर आउनुपर्छ ।



■ **दिननाथ शर्मा**
**स्थायी कमिटी सदस्य**

जनवादी केन्द्रीयतामा लोकतन्त्रको अभ्यास हुन्छ । सही मान्छेको छनोट पनि हुन्छ । त्यसकारण कसैको दयामायाको भरमा, कसैले टेको लगाएर नेतृत्व स्थापित गर्ने भन्दा पनि आफ्नो क्षमता प्रदर्शन गरेर, योग्यता प्रदर्शन गरेर आएको नेतृत्व नै नेतृत्व हुन्छ ।



■ **सुदन किराँती**
**पर्यटनमन्त्री**

कार्यकर्ताहरु नेताको मुख ताक्ने भए । जनतासँग घुलमिल हुने र संगठन बनाउने त छँदै छैन । त्यसो हुँदा त पार्टी कहाँ बन्छ ? बन्दैन । त्यही भएर राम्रालाई छान्न पनि निर्वाचन प्रणाली प्रत्यक्ष नै हुनुपर्छ ।



■ **हितबहादुर तामाङ**
**प्रतिनिधिसभा सदस्य**

**सन्दर्भः वैदेशिक रोजगार**

### 'अवुधाबी डाइलग'मा श्रममन्त्री भण्डारीको प्रस्ताव

# श्रमिकहरूको न्यूनतम ज्यालामा प्रतिबद्धता जनाऔं

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई)मा भएको 'अबुधाबी डायलग'मा नेपालले रोजगारदाता मुलुकबाट श्रमिकलाई न्यूनतम ज्याला प्रत्याभूति दिनुपर्ने प्रतिबद्धता जनाउन प्रस्ताव गरेको छ । श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले अवुधाबी डाइलगका सदस्य राष्ट्रहरू (विशेषगरी रोजगारदाता मुलुक)लाई लक्षित गर्दै श्रमिकहरूको न्यूनतम ज्याला र कार्यस्थलमा सुरक्षाको सुनिश्चितताका लागि प्रतिबद्धता जनाउनुपर्ने प्रस्ताव गरेका हुन् ।

मन्त्री भण्डारीले अवुधाबी डाइलगका क्रममा श्रमबजार सूचना प्रणाली स्थापना र सूचनाको आदानप्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेमा जोड दिए । 'युवा लक्षित उपयुक्त शिक्षा तथा कार्यक्रमद्वारा सीपमूलक रोजगारीमा जोड दिएका छौं,' उनले भने, 'आगामी दिनमा रोजगारदाता तथा श्रमिक दुवै पक्षको आवश्यकता सम्बोधन हुनेगरी विद्यमान श्रम नीति पुनरवलोकन गर्ने कार्य भइरहेको छ ।' उनले लचिलो श्रम नीतिमार्फत श्रमबजारमा लैंगिक समता प्रवर्द्धन गर्न पनि जरुरी रहेको बताए ।

मन्त्री भण्डारीले श्रमिक तथा निजको परिवारलाई बलियो सामाजिक सुरक्षाको माध्यमबाट संरक्षण गर्नु सदस्य राष्ट्रको समान दायित्व रहेको प्रस्ट पारे । 'सदस्य राष्ट्रबीच श्रमिकहरूको न्यूनतम ज्यालाको प्रत्याभूति दिनेतर्फ यस फ्लोरले प्रतिबद्धता जनाउनुपर्छ,' उनले भने, 'सदस्य राष्ट्रहरूबीच नेटवर्किङ कायम गर्ने, साझा सिकाइलाई प्रवर्द्धन गर्ने, श्रमबजारलाई बढी दक्ष र उत्पादनमूलक बनाउनुपर्छ ।' दक्ष जनशक्ति तयार गर्न



निश्चित कार्ययोजना तयार गरी तत्काल पहल गर्न उक्त डाइलगमार्फत सदस्य राष्ट्रलाई उनले आह्वान गरे ।

यस्तै रोजगारका अवसरहरूमा महिलाको सहभागिता सुनिश्चित गर्न हस्पिटालिटी, केयर गिभर, स्वास्थ्यलगायतका क्षेत्रमा सुरक्षित र सम्मानित अवसरहरूलाई बढावा दिने सम्बन्धमा पनि उक्त डाइलगमा छलफल भएको छ । साथै सहभागी मुलुकका मन्त्री एवं प्रतिनिधिहरूले आफ्नो मुलुकको श्रमबजारका मुद्दा र सुझाव प्रस्तुत गरेका थिए ।

**के हो अवुधाबी डाइलग ?**

अवुधाबी डाइलग श्रमिकको स्रोत मुलुक र गन्तव्य मुलुकहरूबीच संवाद र सहयोगका लागि सन् २००८ मा स्थापना भएको एसियाली देशहरूको फोरम हो । जसमा कोलम्बो प्रोसेसका अफगानिस्तान, बंगलादेश, भारत, इन्डोनेसिया, नेपाल, पाकिस्तान, फिलिपिन्स, श्रीलंका, थाइल्याण्ड र भियतनाम गरी १० सदस्य राष्ट्रहरू समावेश छन् । र, गन्तव्य मुलुकका छ खाडी देशहरू: बहराइन, कुवेत, ओमान, कतार, साउदी अरब र संयुक्त अरब इमिरेट्ससहित मलेसिया पनि सहभागी छ । यसको नियमित पर्यवेक्षकहरूमा आइओएम, आइएलओ, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरू समावेश हुन्छन् ।

यस फोरमले बहुपक्षीय संवाद र श्रम गतिशीलतासँग सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयन, र रिपोर्टिङको संयुक्त विकासमा सदस्य राष्ट्रहरूबीच साझेदारीको उत्कृष्ट अभ्यासहरू अपनाउन मद्दत गर्छ । यसले पछिल्लो वर्षहरूमा नागरिक समाजलाई संवादमा सहभागी हुन र आप्रवासन तथा श्रमको क्षेत्रमा लागू गर्न खोजिएका योजनालाई साकार पार्न साझेदार बन्न आमन्त्रित गर्दै आएको छ ।

**नेपाल र कतारबीच संवाद**

अवुधाबी डाइलग चल्दै गर्दा नेपाल र कतारबीच साइडलाइन बैठक भएको जानकारी दिइएको छ । उक्त बैठकमा कतारका अमिरको नेपाल भ्रमणका समयमा हस्ताक्षर हुनेगरी श्रम समझदारीपत्र तयार गर्ने सम्बन्धमा छलफल भएको छ । साथै २००३ को द्विपक्षीय श्रम सम्झौतामा श्रमिकहरूको हकहित सुरक्षाका विषयवस्तु थप गर्ने र दुवै देशले अनलाइन कन्सल्टेसन गरी छिट्टै टुंग्याउने निर्णय गरिएको छ । कतारी पक्षबाट घरेलु कामदारका निम्ति पर्यात सुरक्षाका व्यवस्थाहरू गरिएको जानकारी पाइएको हुँदा भाषा र सीप सिकाएर सम्मानित रूपमा पठाउन तालिम प्रदान गर्ने कार्यमा द्विपक्षीय सहकार्य गर्ने बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### संस्थापक विवादले...

'नेपालमा सबैभन्दा पहिले २००८ सालमा नेपाल पत्रकार संघ नामक पत्रकारहरूको एउटा संघको स्थापना भयो । यस संघका सभापति श्री सत्यनारायणबहादुर श्रेष्ठ र सेक्रेटरी श्री भोजबहादुर सिंह न्यौपानी हुनुहुन्थ्यो ।'

२००९ वैशाख २८ गते आर्य समाज मन्दिर भोटाहिटीमा यस संघको दोस्रो सभा बसेको र यही सभाले सभापतिमा सत्यनारायणबहादुर श्रेष्ठ, उपसभापतिमा प्रेमराज शर्मा, सेक्रेटरीमा भोजबहादुर सिंह न्यौपाने, ज्वाइन्ट सेक्रेटरीमा रामहरि जोशी, कोषाध्यक्षमा रामराज शर्मा र अन्य चार सदस्यसहितको कार्यकारिणी समिति बनेको उल्लेख छ । यसैगरी यो समितिको साधारण सदस्य १३ जना रहेको किताबमा उल्लेख छ ।

तर पत्रकार महासंघले भने यो तथ्यलाई अझै मानेको छैन । महासंघले २०१२ चैत १६ गते कृष्णप्रसाद उपाध्यायको सभापतित्वमा गठन भएको समितिलाई मात्र मान्यता दिएको छ । सुरूमा पत्रकार संघका रूपमा स्थापना भएको यो संस्था २०५३ जेठबाट महासंघमा रूपान्तरण भएको देखिन्छ । पत्रकार महासंघले आफ्नो वेबसाइटमा यसको स्थापना भने २०१२ लाई नै आधिकारिक भएको उल्लेख गरेको छ । 'वि.सं. २०१२ चैत १६ गते गठन भएको नेपाल पत्रकार संघको निरन्तरताका रूपमा महासंघ रहेको छ,' महासंघले भनेको छ ।

#### के छ किताबमा, किन भयो विवाद ?

'अग्र अनुहार'मा नेपाल पत्रकार महासंघको नेतृत्व गरिसकेका २२ जना पूर्वाध्यक्ष र वर्तमान अध्यक्ष विपुल पोखरेलसहितको जीवनी समेटिएको छ । ऐतिहासिक दस्तावेजमा सत्यनारायणबहादुर श्रेष्ठको नाम छुटचाइएकोमा आफूहरूले विरोध गरेको फोनिज अध्यक्ष गजुरधन राईले बताए । 'इतिहासमाथि गद्दारी गर्दै चोरबाटोबाट अग्र अनुहार नामक किताब ल्याउने कोसिस गरियो । यसमा हामीले शान्तिपूर्ण रूपमा हामीले विरोध गरेका हौं,' राईले प्रभावसँग भने ।

पत्रकार महासंघको संस्थापक अध्यक्ष भट्टराई नै कायम राखेपछि २०७४ असोजमा पत्रकार महसंघका अघिल्ल अध्यक्ष गोविन्द आचार्यलाई तत्कालीन फोनिज अध्यक्ष डण्ड गुरुङले तथ्य सच्याउन कार्यालयमै पुगी ध्यानाकर्षण गराएका थिए । यसबारेमा २०७९ जेठ १२ गते फोनिजले पत्रकार महासंघको अध्यक्ष विपुल पोखरेललाई ध्यानाकर्षणपत्रसमेत बुझाएको थियो । आम सञ्चार प्रतिष्ठानको नाम 'कृष्णप्रसाद भट्टराई आम सञ्चार प्रशिक्षण प्रतिष्ठान' राख्ने भएपछि फोनिजले यसबारे विरोध जनाउँदै पोखरेललाई विज्ञप्ति बुझाएको थियो । 'प्रतिष्ठान सञ्चालन गर्ने विषय स्वागतयोग्य विषय हो, तर व्यक्तिको नामबाट प्रतिष्ठान सञ्चालन गर्ने कुरा स्वीकार्य हुन सक्दैन,' फोनिजको विज्ञप्तिमा भनिएको थियो, 'यदि व्यक्तिकै नामबाट प्रतिष्ठान सञ्चालन गर्ने हो भने नेपाल पत्रकार संघ (हाल महासंघ) का संस्थापक सभापति सत्यनारायणबहादुर श्रेष्ठको नाममा सञ्चालन गरिनुपर्ने फोनिजको धारणा छ ।'

फोनिजको कार्यालय अनामनगरमा कार्यक्रमसमेत गरेर अध्यक्ष राईले पोखरेललाई श्रेष्ठको फोटोसमेत हस्तान्तरण गरेको थियो । 'यस विषय फनेजिमा चौथो अधिवेशनबाटै मुद्दा उठेको थियो । यसलाई हामीले पाँचौं महाविधेशनबाट मुद्दा बनाएको हो । यसबीचमा पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यलाई पनि ज्ञापनपत्र बुझाएका थियौं । अहिलेका पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेललाई पनि ज्ञापनपत्र बुझाएकौ हौं,' राईले भने । त्यतिबेला अध्यक्ष पोखरेलले यसबारे थप छलफल गरेर टुंगोमा पुग्ने बताएका थिए ।

पुस्तक विमोचनमा पनि आइतबार महासंघका अध्यक्ष पोखरेलले यस पुस्तकले पत्रकार र पत्रकारिता क्षेत्रको इतिहास बुझ्न थप मद्दत गर्ने बताउँदै महासंघले पत्रकारिता र महासंघको योगदानसँग जोडिएका व्यक्तिहरूलाई कुनै न कुनै तरिकाले सम्बोधन गर्ने बताए । 'यो नै अन्तिम इतिहास होइन, इतिहास करेक्सन गर्दै जाने हो,' पोखरेलले भने, 'पत्रकार महासंघ र पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई पत्रकार महासंघले विभिन्न माध्ययमबाट सम्मान गर्न तयार छ, महासंघलाई यहाँसम्म ल्याउन धेरैले महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ ।'

महासंघका पूर्वाध्यक्ष किशोर नेपालले यो पुस्तकले पत्रकार महासंघको इतिहास बोकेको बताउँदै इतिहास सच्याउँदै जानुपर्ने धारणा राखे । 'इतिहास सच्याउँदै जाने हो, बिगार्नेतिर होइन,' उनले भने, 'राजनीतिक परिवर्तन, जनआन्दोलनलगायत कालखण्डमा पत्रकारको टेवा ठूलो छ ।'

प्राध्यापक तथा वरिष्ठ पत्रकार रामकृष्ण रेग्मीले अभिव्यक्ति, वाक र प्रेस स्वतन्त्रताका आवाज पत्रकार महासंघले उठाएको बताउँदै आवाज उठाउनेहरूको दस्ताबेज तयार हुनु खुसीको कुरा रहेको बताए । 'यो किताब एउटा बेसमेन्ट हो, महासंघ र पत्रकारिताको इतिहासबारे यसमा समेटिएको छ,' उनले भने, 'नेपालको सात दशकको पत्रकारिताको इतिहासमा कैयौं आवाज उठे, आमनागरिकका आवाज पत्रकार महासंघ र पत्रकारले उठाएका छन् ।'

प्रतिष्ठान प्रदेश समितिका अध्यक्ष बालकृष्ण अधिकारीले पत्रकार महासंघले उपलब्ध गराएको पूर्वाध्यक्षहरूको नामअनुसार जीवनी तयार पारेको दाबी गरे । 'उहाँहरूले संस्थापकको विषयमा प्रश्न उठाउनुभएको सुनियो । तर, संस्थापक अध्यक्षको निर्क्योल प्रतिष्ठान प्रदेशले गर्ने होइन,' अधिकारीले भने, 'हामीले महासंघको कार्यालयमा राखिएको फोटो र उपलब्ध दस्तावेजलाई आधार बनाएर पुस्तक प्रकाशित गरेका हौं ।'

■■■

### नेतृत्वमा अविच्छिन्न...

रायअनुसार नै पार्टीको चुनाव प्रणालीमा अदलबदल गर्नुपर्ने उनको पनि राय छ ।

'जनवादी केन्द्रीयतामा लोकतन्त्रको अभ्यास हुन्छ । सही मान्छेको छनोट पनि हुन्छ । त्यसकारण कसैको दयामायाको भरमा, कसैले टेको लगाएर नेतृत्व स्थापित गर्ने भन्दा पनि आफ्नो क्षमता प्रदर्शन गरेर, योग्यता प्रदर्शन गरेर आएको नेतृत्व नै नेतृत्व हुन्छ,' उनले भने, 'त्यही नै आजको समयमा सही हुन्छ ।'

माओवादी केन्द्रका पदाधिकारीहरू अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव र कोषाध्यक्ष कोही पनि निर्वाचित भएका होइनन् । उनीहरू सबै सर्वसम्ममति र मनोनीत प्रक्रियाबाट पदाधिकारी भए । यसका विरुद्धमा रहेका माओवादीकै नेताहरू टिके प्रथा पनि भन्ने गर्छन् । पार्टीको वडा समितिसम्मै यस्तै चलन माओवादीमा छ ।

तर, कांग्रेस, नेकपा एमालेलगायत दलहरूमा प्रत्यक्ष चुनाव प्रणाली कार्यान्वयनमा छ । महाधिवेशनमा प्रतिनिधिहरूले व्यक्त गरेको अभिमतका आधारमा कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओली निर्वाचित भएका हुन् । दुवैले चुनावमा प्रतिस्पर्धी सामना गरे । हाल सत्ता नेतृत्व दल माओवादीका अध्यक्षसमेत रहेका दाहाल पनि चुनावमा प्रतिस्पर्धीविहीन रहँदै आएका छन् ।

उनको यो नेतृत्व स्थापित गर्ने शैलीले पार्टीका कार्यकर्ताहरू नेताप्रति बफादार भएको र नेताहरू त्यसमै रमाउँदा अन्ततः पार्टी संगठन कमजोर बन्दै गएको बुझाइ माओवादी सांसद हितबहादुर तामाङको छ । उनले पार्टी संगठन बचाउन र जनताको माझमा पार्टीलाई थप सुदृढ बनाउन प्रत्यक्ष चुनाव प्रणाली अनिवार्यजस्तै भएको पनि बताए ।

'कार्यकर्ताहरू नेताको मुख ताक्ने भए । जनतासँग घुलमिल हुने र संगठन बनाउने त छँदै छैन । त्यसो हुँदा त पार्टी कहाँ बन्छ ? बन्दैन,' उनले भने, 'त्यही भएर राम्रालाई छान्न पनि निर्वाचन प्रणाली प्रत्यक्ष नै हुनुपर्छ । यसका लागि अध्यक्ष प्रचण्ड कमरेड पनि तयार हुनुहुन्छ होला ।'

हाल माओवादी हरेक चुनावबाट झन्झन् सानो दल बन्ने नियतिमा छ । यसलाई माओवादीकै कतिपय नेताहरू लगातार साढे तीन दशकदेखि नेतृत्व गरेका दाहालले संगठन मजबुत बन्न सकेन । बरु संकटापन्न स्थितिमा माओवादी परेको छ । यसले गर्दा अब पार्टी नेतृत्व परिवर्तन गर्ने लुप्त चाहनाबाट माओवादीको हरेक पदमा प्रत्यक्ष चुनाव लड्नुपर्छ भन्ने राय आएको पूर्वमन्त्रीसमेत रहेका दिननाथ शर्माले बताए ।

■■■

### श्रमिकहरूको...

#### नेपाल र साउदीबीच संवाद

अवुधाबी डाइलग चल्दै गर्दा नेपाल र साउदी अरेबियाबीच पनि साइडलाइन बैठक भएको छ । उक्त बैठकमा नेपालले साउदीलाई श्रम सम्झौताका लागि गरिएको प्रस्तावलाई अन्तिम रूप दिई एक महिनाभित्र हस्ताक्षर गर्ने अवस्थामा पुऱ्याउने छलफल भएको छ ।

त्यस्तै साउदीबाट सीपमूलक जनशक्ति उत्पादनका निम्ति तालिम केन्द्र स्थापना गर्न हालसालै प्राप्त सहयोगलाई निरन्तरता दिने तथा भाषा र सीप जानेका श्रमिकहरूको उत्पादनमा सहकार्य गर्न सहमत भएका छन् । साउदीमा विभिन्न कारणले मृत्यु भएका श्रमिकको शव छिट्टै नेपाल पठाउन सहजीकरण गरिने तथा सप्लाई कम्पनीमा गएर काम नपाउने अवस्थाको निरुत्साहित गर्न पनि द्विपक्षीय बार्ता भएको छ । नेपालको प्रस्तावित सम्झौतामा उल्लेख गरिएको श्रमिकको स्वच्छ भर्ना प्रणाली, सामाजिक सुरक्षा, कार्य घण्टा, बिमा, पेसागत स्वास्थ्य सुरक्षालगायतका विषयहरूको सम्बोधन गर्न साउदी पक्ष तयार रहेको बताइएको छ ।

## 'खुला सीमा भनेको नियमन नगर्ने भन्ने होइन'

**काठमाडौं (प्रस)-** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल र भारतबीचको खुला सिमाना बन्द गर्न सकिन्छ भन्नेमा आफू नरहेको बताएका छन् । तर त्यसको आशय द्विदेशीय सीमा क्षेत्रमा अनुगमन नै नगर्ने भन्ने नभएको उनले बताए ।

प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा सदस्यहरूको जिज्ञासाको जवाफमा मन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन् । उनले भने, 'खुला हुनुको अर्थ नियमन गर्नेमा ध्यान नदिने भन्ने होइन । कूटनीतिक तहमा कुराकानी गरेर समाधान गरिनुपर्छ । हामी कुराकानी गर्दै छौं ।'

सरकारले एक पक्षीयरूपमा यस विषयमा निर्णय नगरी भारतसँग कूटनीतिक वार्ताको माध्यमबाट निष्कर्षमा पुऱ्याउने उनले बताए । सांसदले सीमा नियमनबारे उठाएका विषयलाई गम्भीर रूपमा लिएको बताए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEFENCE SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/१०/२८ LT. No. 299872 चलानी नं. ६०२१४७७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1500 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NAV SS CONSULTATION SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१०/२८ LT. No. 299661 चलानी नं. ६०२१४७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ७ गते (19th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JALAL RAHIM BIN ABDUL RAHMAN AL MAGHRIBI CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/१०/२६ LT. 299699 चलानी नं. ६०२१४६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 3 | 0 | 1500 | ५३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JALAL RAHIM BIN ABDUL RAHMAN AL MAGHRIBI CAFÉ FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति २०८०/१०/२६ LT. 299698 चलानी नं. ६०२१४६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ७ गते (19th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEIT DIVA GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/२६ LT. No. 299723 चलानी नं.६०२१४६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 15 | 100 | ४३,०९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 10 | 0 | 160 | ६८,९५० | | | | | | | |
| 3 | Supervisor | 0 | 4 | 150 | ६४,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ७ गते (19th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADAR AL-RASHAA CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/१०/२८ LT. No.299835 चलानी नं. ६०२१४७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and Download Agent | 2 | 0 | 1200 | ४२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ७ गते (19th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com


### डिभिजन वन कार्यालय भेरी बाबियाचौर, सुर्खेतको

## काठ/दाउरा संकलन सम्बन्धी सूचना

पहिलो पटक प्रकाशितः २०८०/१०/२८ गते

यस डिभिजन वन कार्यालय भेरीको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न राष्ट्रिय वन/वनहरुमा रहेका ढलापडा काठ/दाउरा कटान मुछान गरी तोकिएको स्थानमा घाटगद्धी गर्नका लागि यस कार्यालयको कार्यक्षेत्र अन्तरगत पर्ने कुञ्झाड राष्ट्रिय वनको प्लट नं. १ को काठ/दाउरा लिलाम घटाघट प्रक्रियाद्वारा संकलन गर्नुपर्ने भएकाले यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समयभित्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

तपशिल :

| सि.नं. | प्लट नं. | जात | काठ क्यू फि. | दाउरा चट्टा | वनको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | विभिन्न | ४९५२.६ | ११.१८ | कुञ्झाड रा.व. पञ्चपुरी-१०, सुर्खेत | चेकजांचको प्रक्रिया जारी रहेकोले परिमाणमा थपघट हुन सक्नेछ । |

# वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा ।
गण्डकी प्रदेश, नेपाल

## योजना कार्यान्वयनको लागि बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०८०।१०।२९ गते)

नगर कार्यापालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित योजनाहरु कार्यान्वयनको लागि पूर्वाधार निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा कम्पनीबाट निम्न सर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हान गरिएको छ ।

१) बोलपत्र फाराम खरीद गर्न इच्छुक फर्म/कम्पनी/निर्माण व्यवसायीले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन, चालु आ.व.२०८०/०८१ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७९/०८० को कर चुक्ता वा म्याद थप अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) नेपाल बैंक लिमिटेड वालिङ शाखामा रहेको ग-१.१ **आन्तरीक राजश्व खाता ०८३०३००००१००१००००१ मा** (कार्यालय कोड ८०१०४४३०५)/GA1.1-WALING NAPAAANTARIK RAJASWA KHATA मा जम्मा गरेको बैक भौचर संलग्न राखी **सार्वजनिक खरिद अनुगमनको कार्यालय *www.ppmo.gov.np* (विद्युतीय माध्यम) द्वारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।**

२) बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण पत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

३) बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

४) बोलपत्र फारमा भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनु पर्ने छ ।

५) बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०८३०३०००००३०००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा वाणिज्य बैक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid security) समावेश भएको हुनु पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ

६) बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नु पर्ने छ । बोलपत्र जुन फर्मको नामबाट खरीद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने र बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुन पर्ने छ ।

७) कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ संशोधन र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन समेत हुनेछ ।

९) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति २०८०।११।३० गते समय १२.०० वजे भित्र । | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०८०।११।३० गते, समयः १२.०० बजे भित्र । | बोलपत्र खोल्ने मिति २०८०।११।३० गते र समय २.०० वजे । |

१०) निर्माण कार्यको विवरण

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | ९/२०८०/२०८१ | वालिङ नगरपालिका भरका खानेपानीका मूल रेखाङ्कन गुणस्तर परिक्षण गर्ने पानी रिचार्ज प्रणाली, साना कुवा तथा मुलहरु संरक्षण गर्ने कार्य वालिङ १,२,९,११ र १२ | १५१०३७२६.० | ४१५३५२.० | ३०००.० |

# छ महिनामा १० लाखभन्दा बढी सवारीमाथि कारबाही

**काठमाडौं-** ट्राफिक प्रहरीले चालु आर्थिक वर्षको छ महिनामा देशभर १० लाख ५२ हजार ५५ विभिन्न सवारीसाधनमाथि कारबाही गरेको छ । गत साउनदेखि पुस मसान्तसम्म गरिएको कारबाहीबाट ७९ करोड ७१ लाख ४४ हजार ८५२ रूपैयाँ राजस्व संकलन गरेको प्रहरी प्रधान कार्यालय नक्सालले जनाएको छ ।

राजस्वमध्ये काठमाडौं उपत्यकाबाट ३२ करोड ३३ लाख ७० हजार रूपैयाँ, कोशी प्रदेशबाट सात करोड ८७ लाख दुई हजार ९४३, मधेसबाट १० करोड पाँच लाख ५८ हजार ९०१ रूपैयाँ, बागमतीबाट सात करोड ८८ लाख ४० हजार रूपैयाँ, गण्डकीबाट आठ करोड १८ लाख ७६ हजार, लुम्बिनीबाट नौ करोड ३८ लाख ६४ हजार, कर्णालीबाट एक करोड ५६ लाख ४५ हजार र सुदूरपश्चिम प्रदेशबाट दुई करोड ४२ लाख ८८ हजार रूपैयाँ संकलन भएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

उनका अनुसार ट्रक/टयांकरबाट १५ करोड १९ लाख ९५ हजार चार सय, बस/मिनिबसबाट नौ करोड २० लाख पाँच, कार/जिप/भ्यानबाट १८ करोड ९० लाख ७६ हजार ८०६ रूपैयाँ, टयाक्टरबाट दुई करोड ८८ लाख १६ हजार, मोटरसाइकलबाट ३१ करोड १७ लाख ३४ हजार ५४६ रूपैयाँ र टेम्पो तथा अन्यबाट दुई करोड ५३ लाख २१ हजार ६०० रूपैयाँ राजस्व संकलन भएको हो ।

राजस्व रकममध्ये सबैभन्दा बढी काठमाडौं उपत्यकामा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको केन्द्रीय प्रहरी कार्यालयलको तथ्यांकमा उल्लेख छ । मादकपदार्थ सेवन गरेर तथा तीव्रगतिमा सवारी चलाउने, लेन अनुशासन कायम नराख्ने, क्षमताभन्दा बढी यात्रु राख्ने, जथाभावी पार्किङ गर्ने, तोकिएको भन्दा बढी भाडा लिने, आवश्यक कागजात तथा सवारी चालक अनुमति पत्र नभएकालगायतमा कारबाही गरेबापत उक्त रकम राजस्व संकलन गरिएको प्रनाम ढकालले जानकारी दिए ।

उक्त अवधिमा कारबाहीमा परेका १० लाख ५२ हजार ५५ सवारीसाधनमध्ये ट्रक/टयांकर एक लाख ७० हजार ८४२ वटा, बस/मिनिबस एक लाख नौ हजार ३७७, कार/जिप/भ्यान दुई लाख ६१ हजार ६३६, टयाक्टर ४१ हजार ६४१, मोटरसाइकल चार लाख ३२ हजार ९८ र टेम्पो तथा अन्य ३६ हजार ४६१ वटा रहेका छन् । कारबाहीमा परेका सवारीसाधनमध्ये सबैभन्दा बढी मोटरसाइकल रहेको प्रहरी प्रधान कार्यालय नक्सालको तथ्यांकले देखाएको छ । *रासस*

लेखा समितिको निर्देशन

# रामग्राम क्षेत्रलाई भाडामा लगाउने सम्झौता खारेज गर्नू

**काठमाडौं (प्रस)-** सार्वजनिक लेखा समितिले लुम्बिनीस्थित रामग्राम क्षेत्रको जग्गा अधिग्रहण गरेर निजी कम्पनीलाई ९९ वर्षका लागि भाडामा लगाउनेगरी भएको सम्झौता खारेज गर्न सरकारलाई निर्देशन दिएको छ ।

रामग्राम क्षेत्रलाई संरक्षण तथा विकाससम्बन्धी अनुसन्धान तथा परियोजनाको आर्थिक स्रोतको खोजी गरी लुम्बिनी विकास कोष र प्रमिस्ट ल्याण्डबीच भएको सम्झौता खारेज गर्न समितिको आइतबारको बैठकले निर्देशन दिएको हो ।

'लुम्बिनी विकास कोषले रामग्राम क्षेत्रमा गरेको सम्झौता आजैका मितिदेखि खारेज गर्न सरकारलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ,' लेखा समिति सभापति ऋषिकेश पोखरेलले भने, 'यस विषयमा थप अनुसन्धान अघि बढाउन र यस्तो काम अरू कुनै ठाउँमा नहोस् भन्ने सुनिश्चितता गर्न पनि सरकारलाई निर्देशन दिने निर्णय भएको छ ।'

रामग्राम क्षेत्रको जग्गा अधिग्रहण गरेर ९९ वर्षका लागि भाडामा लगाउने गरी लुम्बिनी विकास कोष र प्रमिस्ट ल्याण्डबीच भएको सम्झौताबारे आइतबार समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, मन्त्रालयका सचिव दिपक काफ्ले, अर्थसचिव कृष्णहरि पुष्कर, राजस्वसचिव रामप्रसाद घिमिरे, लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारक्याल लामालगायतसँग छलफल गरेको थियो ।

उक्त छलफलका क्रममा समितिका सदस्यले प्रतिस्पर्धाविनै भाडा सम्झौता भएको, खरिद कानुनको पालना नभएको, धार्मिक क्षेत्रको अस्तित्त्व मेटिनेगरी व्यावसायिक संरचना बनाउन लागिएको, सम्झौता भएको निजी क्षेत्रको पृष्ठभूमि विवादास्पद रहेकोलगायतका कारणले यो सम्झौता रद्द गरिनुपर्ने धारणा राखेका थिए । युनेस्को र पुरातत्त्व विभागले तोकेको मापदण्डभन्दा विपरीत हुने गरी लुम्बिनी क्षेत्रमा कुनै पनि संरचना नबनाउन तथा विद्यमान कानुनी प्रक्रियाभन्दा बाहिर गएर कुनै पनि काम नगर्न पनि समितिले निर्देशन दिएको हो । रामग्राम क्षेत्रको जग्गा अधिग्रहण गर्नका लागि बजेटको व्यवस्था गर्नका लागि पनि समितिले सरकारलाई निर्देशन दिएको छ ।

समितिको आइतबारकै बैठकले एनसेल सेयर खरिद-बिक्रीका सन्दर्भमा अध्ययन गर्न गठित समितिको प्रतिवेदन तत्काल सार्वजनिक गर्न र लेखा समितिलाई उक्त प्रतिवेदन उपलब्ध गराउन पनि निर्देशन दिएको छ ।

## ललितपुर महानगरपालिका वडा नं १८ कार्यालयको संधियारको नाममा जारी सूचना

यस ललितपुर महानगरपालिका वडा नं १८ साविक ल.पु.जि कार्यविनायक न.पा ३ कि.न १४२० क्षे.फ. ०-४-१-२.९७ को जग्गामा ज.ध लोकेन्द्र बहादुर थापाले नयाघर निर्माणका लागि नक्शापास गर्न निवेदन पेश गर्नु भएकोमा संधियारको नाममा २०८०/०९/२६ गते जारी भएको १५ (पन्ध्र) दिने सूचना बुझाउन जाँदा उक्त कित्ता जग्गाको उत्तर तर्फका संधियार कि.न ५७१ को आतिष प्रकास मल्ल र पूर्व तर्फको संधियार कि.न १४२१ को युबराज राई फेला नपरेको हुदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित संधियार आफै वा कानुन बमोजिमको वारेसले उक्त सूचना बमोजिम पिर मर्का, संधि सर्पन पर्ने भए यस वडा कार्यालयमा सर्म्पक राख्नुहुन अनुरोध गरिन्छ। तोकिएको म्याद भित्र सर्म्पक राख्न नआएमा कानुन बमोजिम नक्शा पास प्रकृया अगाडी बढ्ने व्यहोरा समेत जानकारी गराईन्छ।

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/१०/२९**

यस गौरी महिला सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान २२३ को २४८.५६ घ.फि., बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान ३६ को २००.४१ घ.फि., सागवान जातको गोलिया थान ९ को १६.६१ घ.फि., कर्मा जातको विभिन्न ग्रेडको गोलिया थान ६ को ४४.२६ घ.फि., जामुन जातको बिभिन्न ग्रेडको गोलिया थान १३ को १९९.८१ घ.फि. गोलिया काठ तथा सिसौ, सागवान, जामुन लगायत जातको २.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री गौरी महिला सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-३ खाता बर्दिया**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/२९ गते)

जल बहादुर थापाको नाति, राम बहादुर थापा र दिल माया थापाको छोरा, निर्मला थापाको पति, ओखलढूंगा जिल्ला, चिशंखुगढी गा.पा, वडा नं ०२ बस्ने कुमार बहादुर थापाको मिति २०८०/०९/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चिशंखुगढी शाखामा रहेको कुमार बहादुर थापाको खाता नं. ०९२०१४२५०२७०००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नीले यस बैंकको चिशंखुगढी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चिशंखुगढीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय चिशंखुगढी फोन नं. ९८५५०६३७८९

## माईग्रेसन हराएको सूचना

मितिः २०८०/०४/०१ गते का.म.न.पा १, साङ्लादेखि बालाजु जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट सहित अन्य कागजाजहरू हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सपना नेपाल**
**रजिस्ट्रेसन.नं.: ७६२७९११२६**
**सिम्बोल.नं.: २२७२०७६३**
**ठेगाना.: का.म.न.पा १, साङ्ला**
**सम्पर्कः ९८४१४८४७२०**

## मोटरसाइकल हराएको-सूचना

मिति २०८०/०९/२८ गते राती २१:३० बजे काठमाण्डौ जिल्ला तिनचुली, का.म.न.पा-०६ बाट पार्किङ्ग गरी राखेको ठाउँमा बा.प्र ०२-०४६प५७३१ को काला रातो २२० सिसिको निम्न व्यहोरा भएको पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरीदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीः दया अटो ईन्टरप्राईजेज
ईन्जिन नं.:DKXCNM39444
च्यासिस नं.:MD2A13EX2NCM85069
सम्पर्क नं.:9851173155/9803799525

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RABIGH PETROCHEMICAL LOGISTICS CO.**

पूर्व स्वीकृति मिति २०८०/१०/२६ | LT. No. 299721 | चलानी नं. ६०२१४५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Driver | 5 | 0 | 2500 | ८८,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ७ गते (19th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११८२/०७३/७४
**YUSHO GLOBAL PVT. LTD.**
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GULF STEEL INDUSTRY FACTORY COMPANY ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/१०/२६ | LT. No. 299808 | चलानी नं. ६०२१४६७१

